नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## विज्ञप्ति

प्राचीन कालमा योगी, ऋषि र महर्षिहरूले यस पवित्र हिमवत्खण्डमा सुरुवात गरेको योग आज पनि उत्तिकै नवीन, सान्दर्भिक र ऊर्जावान् छ । शिव, जनक र बुद्ध सभ्यताको त्रिवेणीका रूपमा विकास र विस्तार भएको योगलाई थप सुदृढ गर्दै जीवन शैली र संस्कारका रूपमा विकास गर्न नेपाल सरकारको संवत् २०७२-०४-२८ को निर्णयबाट प्रत्येक वर्ष माघ १ गते राष्ट्रिय योग दिवस मनाउन थालिएको र नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३-०२-२६ गतेको निर्णयले यसको संयोजन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने गरेको छ । सोहीबमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूको अध्यक्षतामा मिति २०८१-०९-२२ गते बसेको राष्ट्रिय योग दिवस मूल समारोह समितिले यस वर्षको राष्ट्रिय योग दिवस 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्वशान्तिका लागि योग÷ भन्ने नाराका साथ संवत् २०८१ माघ १ गते भव्यतापूर्वक मनाउने निर्णय गरेको छ।

उक्त दिन राष्ट्रिय योग दिवस भव्यताका साथ मनाउन मन्त्रालय नेपालका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासँग आबद्ध सबै मन्त्रालय तथा निकायहरू, प्रदेश सरकार, सबै स्थानीय तह, विदेशस्थित सबै कूटनीतिक नियोगहरू, नेपालस्थित सबै विश्वविद्यालय, विद्यालय लगायतका शिक्षण संस्था, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्था, सञ्चार जगत र आम नेपाली नागरिकमा हार्दिक अपिल गर्दछ।

साथै भोलि मिति २०८१ माघ १ गते बिहान ७.३० देखि १०.५० बजेसम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूको अध्यक्षता तथा सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादीमा आयोजित मूल समारोहको यसैसाथ संलग्न कार्यक्रममा आमन्त्रित सबै विशिष्ट महानुभावहरू, मन्त्रालय र मन्त्रालयसँग आबद्ध सबै विश्वविद्यालय, विभागीय निकायका प्रमुख तथा राष्ट्रसेवक कर्मचारी, योग र ध्यानसँग सम्बन्धित सबै गुरु तथा अभियन्ताहरूलाई प्रभातफेरीसहितको कार्यक्रममा उपस्थितिका लागि मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

लक्ष्मीप्रसाद भट्टराई
सहसचिव एवं प्रवक्ता
मिति २०८१।०९।२९

फोन नं.:
वेबसाइटः www.moest.gov.np

**२०८१ माघ १**

**मूल समारोहको कार्यक्रम**

मिति : २०८१ माघ १ गते मंगलबार

समय : विहान ७:००

स्थान : प्रज्ञा प्रतिष्ठान कमलादी हल

| क्रसं | समय | कार्यक्रम |
|---|---|---|
| १ | | **पहिलो चरण : प्रभात फेरी** |
| २ | ७:०० | सबै योग सम्बद्ध संघसंस्थाहरु र्‍यालीमा व्यानर सहित उपस्थित हुने |
| ३ | ७:३० | र्‍याली मार्च पास : शान्तिवाटिकामा भेला भइ बागवजार हुँदै प्रज्ञा प्रतिष्ठान कमलादीसम्म |
| ४ | ८:०० | प्रज्ञा प्रतिष्ठान कमलादीमा सहभागी हुने |
| ५ | | **दोश्रो चरण : मूल समारोहको कार्यक्रम** |
| ६ | ८:०० | मूल समारोहको कार्यक्रम शुभारम्भ |
| ७ | | अध्यक्षता : माननीय शिक्षा विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईज्यू |
| ८ | ८:३० | प्रमुख अतिथीको आसन ग्रहण : सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओलीज्यू |
| ९ | | स्वस्ती वाचन : नेपाल संस्कृत विश्वविद्यालयका विद्यार्थीबाट (वाल्मिकी विद्यापिठ) |
| १० | | आसन ग्रहण :<br>विशिष्ठ अतिथी : माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री प्रदिप पौडेलज्यू<br>विशिष्ठ अतिथी :माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बद्रीप्रसाद पाण्डेज्यू<br>शिक्षा सचिव डा. दिपक काफ्लेज्यू<br>विज्ञान सचिव श्री विश्वबाबु पुडासैनीज्यू ........................................................ |
| ११ | ८:३५ ८:४० | राष्ट्रिय गान |
| १२ | ८:४० ८:५० | स्वागत मन्तव्य : श्रीमान् सचिव डा. दिपक काफ्लेज्यू बाट |
| १३ | ८:५० ९:०० | कार्यक्रम उद्घाटन : प्रमुख अतिथी सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओलीज्यूबाट पानसमा दीप प्रज्वलन गरी |
| १४ | ९:०० ९:१० | योग प्रवचन : डा हरिप्रसाद पोखरेल |
| १५ | ९:१० ९:२० | नेपाल यौगिक संस्थाको पुरस्कार तथा सम्मान वितरण डा योगी विकासानन्दज्यूलाई |
| | ९:२० ९:२५ | मन्तव्य : डा योगी विकासानन्द |
| | ९:२५ १०:१० | योग अभ्यास<br>१) National Yoga Protocal with TU students (१० मिनेट)<br>२) विद्यालय समूह(३ मिनेट)<br>३) प्राविधिक शिक्षालय समूह (३ मिनेट)<br>४) विश्व विद्यालय समूह : काठमाडौ विश्व विद्यालय (३ मिनेट)<br>५) मलखम योग (३ मिनेट)<br>६) ओशो योग : ओशो अखण्ड (३ मिनेट)<br>७) स्वजागरण ध्यान : एल पि भानु शर्मा (१० मिनेट) |
| | | प्रमुख अतिथी सम्माननीय प्रधानमन्त्री के पि शर्मा ओलीज्यूबाट सम्बोधन |
| | १०:५० | धन्यवाद ज्ञापन सहित समापन मन्तव्य :<br>माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईज्यूबाट |

डा. दिपक काफ्ले
सचिव